# सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र
**{ARMED POLICE FORCE WELFARE SERVICE CENTER }**

| | |
|---|---|
| **APF (HQ) SMALL** | **Serial No:-** |
| **FROM:-** सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र, हलचोक । | **DTO:-** ६६८६ |
| **TO:-** प्रशासन निर्देशनालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, बाहिनीहरु सबै । | **Group** |
| **INFO :-** सशस्त्र प्रहरी महानिरीक्षकज्यूको सचिवालय, बिभागहरु सबै, प्रशिक्षण प्रतिष्ठान, महाशाखाहरु, शाखाहरु, उपशाखाहरु सबै, नेपाल ए.पी.एफ.अस्पताल, नेपाल ए.पी.एफ.स्कुल, ता.म.बि., यु.म.बि., ता.के., गणहरु सबै, सि.सु.का.हरु सबै, गुल्महरु सबै, बि.ओ.पी.हरु सबै, बेश क्याम्पहरु सबै । | 309690<br>**IN/OUT:-** |

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रद्वारा सशस्त्र प्रहरी कर्मचारीहरुलाई सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउदै आईरहेको व्यहोरा सर्वविधितै छ । हाल निर्धारित कोटामा सशस्त्र प्रहरी कर्मचारीहरुको ऋण लिने संख्यामा अत्याधिक बृद्धि भएको हुँदा कर्मचारीहरुको बृहत्तर हितलाई ध्यानमा राखी समय सापेक्ष परिमार्जन गरी **"सशस्त्र प्रहरी कर्मचारीहरुलाई ऋण उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०६७"** लाई २०६८ साल बैशाख महिनाबाट कार्यान्वयन हुने गरी पहिलो संशोधन गरिएको छ । उक्त संशोधित निर्देशिका पाना- ५ (पाच) यसै पत्र साथ संलग्न राखी पठाईएको छ, निर्देशिकालाई अक्षरस पालना गर्न गराउन हुन अनुरोध (०)

साथै सशस्त्र प्रहरी बलको Website: www.apf.gov.np बाट पनि डाउनलोड गर्न सकिने छ ।

मिति २०६७।१२।३० गते ।

| Degree of Priority<br>Originator's Instruction | **Originator's Signature**<br>(With Rank) | T.H.I. | | |
|---|---|---|---|---|
| | | | **Date & Time** | System | Operator |
| | | IN | | | |
| Reg. No. | | OUT | | | |

# सशस्त्र प्रहरी कर्मचारीहरुलाई ऋण उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०६७ :

**पहिलो संशोधन:-** सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रबाट सशस्त्र प्रहरी कर्मचारीहरुलाई उपलब्ध गराउदै आईरहेको बिना धितो ऋण कार्यक्रमलाई सशस्त्र प्रहरी कर्मचारीहरुले उत्साहजनक लिएको साथै यस ऋण कार्यक्रमले निजहरुको प्रत्यक्ष रुपमा आर्थिक समस्या समाधानमा टेवा पुगेको महशुस गरि यस कार्यक्रमलाई अझ सार्थक बनाउन संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षकज्यूको सकारात्मक सोच अनुसार **"सशस्त्र प्रहरी कर्मचारीहरुलाई ऋण उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०६७"** लाई पहिलो संशोधन गरि विशेष गरि ऋण उपलब्ध गराउने कोटा थप गर्ने कार्य गरिएको छ ।

१. पृष्ठभूमि :- सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले सशस्त्र प्रहरी कर्मचारीहरुलाई सशस्त्र प्रहरी बलको सेवामा सेवारत रहँदाको अवधिमा आईपर्न सक्ने विभिन्न किसिमका आर्थिक समस्याहरु समाधान गर्न टेवा पुऱ्याउने अभिप्रायले बैंकबाट ऋण लिदा तिर्नु पर्ने ब्याज भन्दा कम ब्याजदरमा सशस्त्र प्रहरी कर्मचारीहरुलाई **जग्गा/घडेरी खरिद, आवास निर्माण, छोरा छोरीलाई उच्च शिक्षा, आफ्नों वा आफ्नै छोरा/छोरीको विवाह लगायतका** कार्यहरुमा संगठन प्रमुखको निर्देशन अनुरुप केही मात्रामा राहत तथा आर्थिक सहयोग पुगोस भन्ने उद्देश्यले एवं संगठनमा कार्यरत सशस्त्र प्रहरी बलका राष्ट्र सेवकहरुको मनोबल उच्च राखी राष्ट्र एवं संगठन प्रति सकारात्मक सोचको बिकास गराई संगठनबाट थोरै भएता पनि आर्थिक सहयोग पुऱ्याई कर्मचारीहरुको व्यक्तिगत स्तर अभिबृद्धि गराउन बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरुलाई सहुलियत ब्याज दरमा यो कार्यक्रम संचालन गरिएको छ ।

सशस्त्र प्रहरी कर्मचारीहरुलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन कुनै प्रकारको अचल सम्पत्ती धितो राख्ने, सम्पत्ति रोक्का राख्ने जस्ता अनावश्यक झन्झटबाट मुक्त राखिएको छ भने ऋण लिए बापत लाग्ने सेवा शुल्क लगायतका कुनै पनि थप आर्थिक भार पर्ने रकम समेत सेवा केन्द्रलाई बुझाउन नपर्ने व्यवस्था मिलाइएको छ ।

यस निर्देशिकामा ऋण लगानीको लागि आवश्यक पर्ने कागजात कार्यक्रमको आधारहरु, रकमको व्यवस्थापन र ऋण लगानिको निर्धारण, निवेदकको मापदण्ड, संलग्न हुनु पर्ने कागजातहरु सावाँ तथा ब्याज भुक्तानी गर्ने तरिका र ब्याजदर, बिशेष प्रकारको निर्देशन लगायतका कुराहरु समावेश गरिएकोछ

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "निर्देशिका" भन्नाले सुलभ ब्याजदरमा सशस्त्र प्रहरी कर्मचारीहरुलाई ऋण उपलब्ध गराउने सम्बन्धी निर्देशिका सम्झनु पर्दछ ।

(ख) "परिवार" भन्नाले सशस्त्र प्रहरी कर्मचारीको श्रीमती/श्रीमान् तथा छोरा छोरीलाई सम्झनु पर्दछ ।

(ग) "ऋण सुविधा" भन्नाले यस निर्देशिका बमोजिम उपलब्ध गराईने ऋण सुविधालाई सम्झनु पर्दछ ।

३. कार्यक्रमका आधारहरु :

(क) ऋण लिनु पर्ने मनासिब कारणसहितको निवेदन सहुलियत ब्याज दरमा ऋण लिन चाहने सशस्त्र प्रहरी कर्मचारीहरुले निर्देशिकामा उल्लेख गरिएका बिषय मध्ये कुनै एक बिषयमा आ-आफ्नो बाहिनी र सशस्त्र प्रहरी बल कालिन्चोक भगवती गण र सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय सिन्धुपाल्चोकले उपत्यका बाहिनीमा दर्ता गराउनु पर्ने छ ।

(ख) सशस्त्र प्रहरी बल प्रधान कार्यालय अर्न्तगतका विभाग, प्रशिक्षण प्रतिष्ठान, निर्देशनालय, महाशाखा,शाखा, उपशाखा, ए.पि.एफ.अस्पताल, ए.पि.एफ.स्कूल र बंगलामुखी बिशेष कार्यदलले सशस्त्र प्रहरी बल प्रधान कार्यालय, प्रशासन निर्देशनालयमा निवेदन दर्ता गराउनु पर्ने छ ।

(ग) निवेदन दर्ता हुने ७ (सात) वटै कार्यालयहरुबाट आवश्यक कागजातहरु हेरी प्रकृया पुऱ्याई दर्ता भएका सशस्त्र प्रहरी कर्मचारीलाई निम्नानुसार उल्लेखित प्राथमिकतामा राखी सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रमा सिफारिस गर्नु पर्ने छ जसमा मनासिब कारण प्रमाणित हुने व्यक्तिको सिफारिस पहिला गर्नु पर्ने छ ।

(ग.१)१० बर्ष सेवा अवधि पूरा गरेका सि.प्र.अ.हरुको संख्या ४९१, जु.प्र.अ.हरुको संख्या १५९४ र विल्लादार, जवान तथा परिचरहरु २९१९ जना रहेको हुँदा सो संख्याको प्रतिशत अनुसार सि.प्र.अ.९.८१ प्रतिशत जु.प्र.अ. ३१.८५ र विल्लादार, जवान तथा परिचरहरु ५८.३४ प्रतिशत रहेको हुँदा सोही प्रतिशत अनुसारका दर्जाको सिफारिस गर्ने ।

(ग.२) बुदा नं. ग.१ मा उल्लेखित प्रतिशतको आधारमा १० जनाको सिफारिस गर्दा सि.प्र.अ. १, जु.प्र.अ.३ र विल्लादार जवान तथा परिचर ६ जना सिफारिस गर्ने ।

(ग.३) मिशनमा सहभागी नभएकाहरुको निवेदन दर्ता भएको भए मिशनमा सहभागी हुनेलाई भन्दा पहिला सिफारिस गर्ने ।

(ग.४) उल्लेखित मापदण्ड अनुसार विल्लादार, जवान तथा परिचरहरुको निवेदन दर्ता हुन नआई सो कोटा बाँकी हुन आएमा बाँकी कोटाको ४० प्रतिशत सि.प्र.अ.र ६० प्रतिशत जु.प्र.अ.मा थप गरी सिफारिस गर्ने ।

(घ) दरवन्दी संख्या र सुगमताको आधारमा पूर्व क्षेत्रीय बाहिनीले महिनामा ५ जना र सशस्त्र प्रहरी बल प्रधान कार्यालयले महिनामा ५ जना र अन्य बाहिनीहरुले महिनामा ४ जना सम्मले ऋण लिन पाउने सशस्त्र प्रहरी कर्मचारीहरुको निम्न कुराहरुमा ध्यान दिई सिफारिस गर्नु पर्नेछ ।

(घ.१)उपदान, औषधी उपचार र विदाको रकम प्रमाणित गर्दा खाईपाई आएको तलव ग्रेड सहितको रकमबाट पाउने सुविधा निकाल्ने ।

(घ.२)भत्ताको रकम सुविधा निकाल्दा समावेश नगर्ने ।

(घ.३)निबृत्तिभरण भएका कर्मचारीहरुको उपदान नपाउने हुँदा उपदान रकम समावेश गर्ने ।

(घ.४)ऋण सम्वन्धी सिफारिस फायलमा सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीको सम्पर्क नं. अनिवार्य रुपमा उल्लेख गर्ने ।

(ङ) ऋण प्रवाहको मापदण्ड सि.नं.५ मा र निवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरु सि.नं.६ मा उल्लेख गरिएकोछ ।

**रकम ब्यवस्थापन र ऋण लगानीको निर्धारण :-**

(क) प्रथम चरण अर्न्तगत सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको मौज्दात रकमबाट रु.५ करोड विभाजन गरी रकम ब्यवस्थापन गरिने छ । रकम थप गर्नु परेमा कल्याणकारी सेव केन्द्रको संचालक समितिको निर्णय अनुसार गरिने छ ।

(ख) उक्त कार्यक्रममा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुले नियमित रुपमा किस्ता बुझाई उत्कृष्टता प्रस्तुत गरेमा रकम थप गरी क्रमश: यस कार्यक्रमलाई विस्तार गर्न सकिने छ ।

(ग) निवृतीभरण नभएका सशस्त्र प्रहरी कर्मचारीहरुले प्राप्त गर्ने ऋण निजले तत्कालै सेवा छाड्दा प्राप्त गर्ने निम्नानुसारको सुविधालाई आधार मानिनेछ ।

(ग.१)औषधि उपचार वापत प्राप्त गर्ने रकम ।

(ग.२)उपदान वापत प्राप्त गर्ने रकम ।

(ग.३)संचित विदा वापत प्राप्त गर्ने रकम ।

उल्लेखित बिषयको आधारमा प्राप्त गर्ने रकमको ५० प्रतिशत सम्म १० हजार रुपैयाको तल्लो अंकको राउण्ड फिगरमा उक्त रकम उपलब्ध गराईनेछ । निवेदकलाई उक्त रकम उपलब्ध गराउदा संलग्न कागजपत्र लगायतको तमसुकमा सेवा छाडी गएको अवस्थामा कुनै पनि पाउने रकमबाट सरकारी बांकी सरह असुल उपर गर्न मन्जुर भएको मन्जुरीनाममा सहीछाप गराईनेछ ।

(घ) निवृतीभरण भएका सशस्त्र प्रहरी कर्मचारीहरुले प्राप्त गर्ने ऋण निजले तत्कालै सेवा छाड्दा प्राप्त गर्ने निम्नानुसारको सुविधालाई आधार मानिनेछ ।

(घ.१)औषधि उपचार वापत प्राप्त गर्ने रकम ।

(घ.२)संचित विदा वापत प्राप्त गर्ने रकम ।

उल्लेखित बिषयको आधारमा प्राप्त गर्ने रकमको ९० प्रतिशत सम्म १० हजार रुपैयाको तल्लो अंकको राउण्ड फिगरमा उक्त रकम उपलब्ध गराईनेछ । निवेदकलाई उक्त रकम उपलब्ध गराउदा

संलग्न कागजपत्र लगायतको तमसुकमा सेवा छाडी गएको अवस्थामा कुनै पनि पाउने रकमबाट सरकारी बाँकी सरह असुल उपर गर्न मञ्जुर भएको मञ्जुरीनाममा सहीछाप गराईनेछ ।

५. **ऋण प्रवाह गर्न निम्नानुसार मापदण्ड निर्धारण गरिएको छ :**

(क) सेवा अवधि १० बर्ष पूरा भई अनिवार्य अवकाश हुन २ बर्ष बाँकी रहेको सशस्त्र प्रहरी कर्मचारी ।

(ख) कुनै किसिमको विभागीय कारवाहीमा नपरेको वा कारवाहीमा परेता पनि कारवाही अवधि पूरा भएको ।

(ग) कल्याणकारी सेवा केन्द्रको कुनै पनि किस्ताबन्दी लगायतका कार्यक्रमहरुमा सहभागी नभएको वा भए पनि रकम चुक्ता गरी सकेको ।

(घ) विदेश सेवामा कार्यरत रहेको अवस्थामा निवेदक बन्न नपाउने ।

(ङ) यस केन्द्रको कुनै पनि आर्थिक कार्यक्रममा सहभागी भई तीन किस्ता सम्मको रकम पंठाउन वा तिर्न विलम्ब गरेको रेकर्ड भएमा त्यस्ता सशस्त्र प्रहरी कर्मचारी निवेदक बन्न पाउने छैन ।

६. **निवेदनमा संलग्न हुनु पर्ने कागजातहरु :**

(क) ऋण लिने कर्मचारीले कार्यरत कार्यालयमा पेश गरेको निवेदन सक्कल प्रति..................१

(ख) नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी..................१

(ग) परिचय पत्रको प्रतिलिपी..................१

(घ) कर्मचारी संचय कोष परिचय पत्रको प्रतिलिपी ..................१

(ङ) तिनपुस्ते विवरण सक्कल प्रति..................१

(च) पासपोर्ट साईजको फोटो प्रति..................२

(छ) ऋण लिने सशस्त्र प्रहरी कर्मचारीले खाईपाएको ग्रेड सहितको तलव विवरण खुलेको पत्रको सक्कल प्रति..................१

(ज) सम्बन्धित युनिटको लेखा प्रमुख र कार्यालय प्रमुखले निवृतीभरण नभएका सशस्त्र प्रहरी कर्मचारीहरुको औषधि उपचार, उपदान र विदाको रकम तथा निवृतीभरण भएका सशस्त्र प्रहरी कर्मचारीहरुको औषधि उपचार र बिदाको रकम खुलाई सशस्त्र प्रहरी कर्मचारीले निवेदन दर्ता गराएको समय सम्ममा प्राप्त गर्न सक्ने रकमको प्रमाणित विस्तृत विवरण सहितको सक्कल प्रति..................१

(झ) कुन प्रयोजनको लागि ऋण लिन लागिएको हो सो कार्य गर्ने यथेष्ठ प्रमाण समावेश भएको हुनु पर्ने । (जस्तै : जग्गा खरिद भएमा खरिद गर्न लागेको प्रमाण, आवास निर्माण भए जग्गाको आफ्नो नाममा भएको जग्गा धनी प्रमाण पूर्जा, श्रीमतिको नाममा जग्गा धनी प्रमाण पूर्जा भएमा बिबाह दर्ताको प्रमाण पत्र, त्यस्तै गरि सम्बन्धित कार्यमा मेलखाने अन्य प्रमाणहरु) ।

७. **रकम भुक्तानी गर्ने तरिका :**

(क) सेवा केन्द्रले उपलब्ध गराउने ऋण कल्याणकारी सेवा केन्द्रको संचालक समितिले समय समयमा तोकिए बमोजिम हुने छ ।

(ख) सेवा केन्द्रको रकम ऋण लिए वापत संचालक समितिले अर्को दररेट निर्धारण नगर्दा सम्म बार्षिक ८.५० प्रतिशत ब्याज लाग्नेछ ।

(ग) यो योजना सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा मात्र लागू हुने छ । निजहरुले पाउने मासिक तलव भत्ता लगायतका सम्पूर्ण सुविधाहरु सम्बन्धित कार्यालयको लेखा शाखा मार्फत बुझ्ने भएकोले लेखा शाखा प्रमुखले अनिवार्य रुपमा किस्ता कट्टी गरी यस केन्द्रमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरुले तिर्न पर्ने किस्तावन्दी ऋणमा लिएको तर तलव भत्ता कट्टी गर्न आलटाल गरेमा सोको लिखित जानकारी यस केन्द्रमा नदिए सम्म दायित्व कार्यालय प्रमुख र लेखा शाखामा काम गर्ने लेखा प्रमुखको मानिनेछ । आलटाल गरी ढिला गरे बापत तिर्न बाँकी

किस्ताको मासिक १ (एक) प्रतिशत हर्जाना समेत सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीबाट लिईने छ ।

(ङ) किस्तावन्दी वापतको रकम प्रत्येक महिनाको ७ गते भित्र यस केन्द्रमा प्राप्त हुने गरी पठाई सक्नु पर्नेछ । त्यसो नगरी ढिलाई हुन गएमा ढिला भए वापत चालु किस्ताको १ प्रतिशत हर्जना लेखा शाखा प्रमुखले व्यहोर्नु पर्ने छ ।

(च) किस्तावन्दी रकम नतिरे वा किस्तावन्दी ऋण लिई भागी गएमा सम्झौतामा उल्लेख भएनुसार निजले प्राप्त गर्ने औषधि उपचार, उपदान र विदाको रकमबाट अशुल उपर गरिनेछ ।

(छ) सम्पूर्ण सशस्त्र प्रहरी बलका कार्यालयहरुले सशस्त्र प्रहरी कर्मचारीहरुले सेवा छाडी जादा पाउने सुविधा कल्याणकारी सेवा केन्द्रको लिखित फरफारक पछि मात्र दिनु पर्नेछ । यदि लिखित फरफारक विना सेवा छाड्ने कर्मचारीको सुविधा उपलब्ध गराएमा सेवा उपलब्ध गराउने कार्यालय प्रमुख र लेखा प्रमुखबाट कडाईका साथ अशुल उपर गरी विभागीय कारवाही समेत गरिने छ ।

(ज) कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरु सरुवा भई अन्यत्र कार्यालयमा जाँदा साविक कार्यालयले कर्मचारी संचयकोष नम्वरको जानकारी गराए जस्तै किस्तावन्दी ऋणको पनि जानकारी गराउने र सरुवा भएको कार्यालयले समेत सरुवा भई आउने कर्मचारीबाट किस्तावन्दी रकम कट्टी गर्नु पर्ने छ/छैन साविक दरवन्दीसँग लेखापढी गर्ने व्यबस्था मिलाउनु पर्नेछ ।

(झ) भगौडा वा मृत्यु भई खाली भएका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा शर्तनामा (सम्झौता) को आधारमा अशुल गर्नु परेमा कपाली तमसुक सरह मानि कारवाही हुन मञ्जुर रहेको इच्छापत्र सरह हुने छ । उक्त कपाली हकवालामा सर्ने समेत उल्लेख हुने छ

(ञ) साँवा तथा व्याजको किस्ता निर्धारण गर्दा सामान्यतया सशस्त्र प्रहरी कर्मचारीले खाईपाई आएको तलवको आधा भन्दा बढी नहुने गरी किस्ता रकम निर्धारण गरिने छ भने ऋण चुक्ता गर्ने अवधि अधिकतम ५ बर्षको हुने छ ।

८. **विशेष निर्देशन :**

(क) खरिद गर्न लागेको जग्गा सम्बन्धित कर्मचारी वा निजको श्रमिान वा श्रीमतीको नाममा रजिष्ट्रेशन गर्नु पर्नेछ ।

(ख) निर्माण गर्न लागेको घरको जमिन सम्बन्धित सशस्त्र प्रहरी कर्मचारी वा निजको श्रीमान् वा श्रीमतीको नाममा हुनु पर्नेछ ।

(ग) आफ्नै तथा आफ्नो छोरा/छोरीको विवाहको लागि मात्र रकम उपलब्ध गराईने छ ।

(घ) शैक्षिक कर्जाको लागि आफ्नै सन्तती हुनु पर्नेछ तर दुई सन्तती भन्दा बढीलाई ऋण सुविधा उपलब्ध गराइने छैन ।

(ङ) सशस्त्र प्रहरी कर्मचारीको नाममा जग्गा भएता पनि संगोलको सम्पत्तिमा गरिने कुनै पनि कार्यको लागि ऋण उपलब्ध गराईने छैन ।

(च) सशस्त्र प्रहरी कर्मचारीहरुले सेवा अलग भई पाउने सुविधा सम्बन्धि लेखापढी गर्दा निबृत्तिभरण उप-शाखाले यस केन्द्रबाट दिईएको लिखित फरफारक पत्र अनिवार्य लिनु पर्ने छ । उक्त पत्रको बोधार्थ सशस्त्र प्रहरी कर्मचारीको सेवा छाड्दाका बखत बहाल रहेको कार्यालयलाई उपलब्ध गराईने छ ।

(छ) ऋण लिने सशस्त्र प्रहरी कर्मचारीहरुले निर्धारित समय अवधि भन्दा अगावै ऋण चुक्ता गर्न चाहेमा बाँकी रहेको किस्तावन्दी ऋणको साँवा मात्र चुक्ता गरी फरफारक लिन सक्नेछ ।

(ज) ऋण उपलब्ध गराउने सम्बन्धि कार्य यस सेवा केन्द्रले हरेक महिनाको १० गते देखि १५ गते सम्म मात्र गरिने भएको हुदा सोही समय भित्र मात्र ऋण सम्बन्धि सिफारिस गर्नु पर्नेछ ।

(झ) ऋण सम्बन्धि उल्लेखित समयमा सिफारिस गर्दा कतिपय अवस्थामा ऋण जारी गर्ने अधिकृतहरु कार्यालयमा नहुदा कर्मचारीहरुलाई अनावश्यक रुपले आउन जान हैरानी हुने हुदा सबै

बाहिनीहरुले कल्याणकारी सेवा केन्द्रमा सर्म्पक राखेर मात्र कर्मचारीहरुलाई पठाउने तथा यस केन्द्रबाट समेत सो सम्बन्धि जानकारी गराईने छ ।

(ञ) ऋण सम्बन्धि फायल हुलाक वा अन्य व्यक्तिबाट पठाउने गरेको हुदा सो नगरी सम्बन्धित व्यक्ति हस्ते पठाउनु पर्नेछ ।

(ट) प्रत्येक महिना ऋण सिफारिस गर्दा तोकिएको कोटा भन्दा बढि कुनै पनि कर्मचारीहरुको सिफारिस गर्न सकिने छैन ।

(ठ) ऋण सिफारिस गर्ने कार्यालयहरुले ऋण सुविधा लिने सशस्त्र प्रहरी कर्मचारीहरुको दर्जागत रुपमा रेकर्ड राखी सि.नं.३ (ग) अनुसार सिफारिस गर्नु पर्ने छ ।

(ड) कल्याणकारी सेवा केन्द्रले उपलब्ध गराएको कार्यक्रममा सहभागी भई नियमित किस्ता भुक्तानी गरी इमान्दारी साथ उत्कृष्टता प्रस्तुत गरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई विभिन्न कार्यक्रमहरुमा पटक-पटक सहभागी गराउन बढी प्राथमिकता दिईनेछ ।

इति सम्बन्धत २०६७ साल चैत्र ३० गते रोज ०४ शुभम्.........................................।